# हाम्रो अल्पसंख्यक जातीय समुदायलाई सहायता गर्न

थुप्रै अल्पसंख्यक जातीयहरु (EM) पुर्खौं देखि हङकङमा छन, र हङकङको इतिहास रच्नुमा एउटा अहम भूमिका निर्वाह गरेकाछन् । हङकङको परिवारको रुपमा नै EM हरु परम्परागतरुपमा बसोबास गरिरहेकाछन्, र धेरै मात्रामा समुदायको हिस्सा भएकाछन्।

सरकारले EM हरुको सहायता गर्नुको लागि शिक्षा, रोजगार र समुदाय आउटरिचको उपायहरुबाट बढोत्तरीको शुरुवात गरेकोछ, विशेष गरेर युवापुस्ताहरु र नयाँ आउनेहरुको लागि, जो समुदायमा सहजरुपमा समावेश हुन सक्नेछन् ।

## शिक्षा



चाईनीज़ भाषा सिक्ने EM विद्यार्थीहरुलाई व्यापक समर्थन सेवा प्रदान गर्न

- चाईनीज़-नबोल्ने (NCS) विद्यार्थीहरुले उनीहरुको आकंक्षाहरु र चाईनीज़ प्रवीणता अनुसार भिन्दा भिन्दै बाटो पछ्याउन सक्छन् । 2014/15 स्कूल वर्ष देखि, शिक्षा ब्यूरोले शिक्षा र शिक्षण सामग्रीको समर्थनको साथमा "चाईनीज़ भाषा पाठ्यक्रमलाई दोस्रो भाषा सिक्ने रुपरेखा" को रुपमा प्रदान गर्नेछ । यो टेलर-मेड हो जसले प्राइमरी र सेकेन्डरी स्कूलका NCS विद्यार्थीहरुलाई चाईनीज़ भाषालाई दोस्रो भाषाको रुपमा सिक्नमा सहायता गर्नेछ जसलाई मेनस्ट्रीम चाईनीज़ भाषा कक्षाहरुमा पुलको काम गर्ने विचारको रुपमा लिइनेछ ।

- सीनीयर सेकेन्डरीको स्तर 1-3 को योग्यता रुपरेखा (QF) जांच्नुको लागि एप्लाइड लर्निंग (चाईनीज़ भाषा) विषय प्रदान गरिएकोछ । नतीजालाई हङकङ डिप्लोमाको सेकेन्डरी शिक्षामा (HKDSE) दर्ता गरिनेछ ।

- NCS विद्यार्थीहरु सेकेन्डरी शिक्षाको जनरल सर्टिफिकेट (GCSE), सेकेन्डरी शिक्षाको इंटरनेशनल जनरल सर्टिफिकेट (IGCSE) र शिक्षाको जनरल सर्टिफिकेट (GCE) को अधीन चाईनीज़ परीक्षाहरुमा बस्नुको लागि सब्सिडी योजनामा शामिल हुनसक्छन् । नतीजाहरुलाई अन्तराष्ट्रीय स्तरमा मान्यता प्राप्त हुनेछ र स्थानीय पोस्ट-सेकेन्डरी संस्थानहरुमा र विश्वविद्यालयहरुमा प्रवेशको लागि वैकल्पिक चाईनीज़ योग्यताको रुपमा स्वीकार गर्नको लागि विचार गरिनेछ ।

- पहिले देखिकै योजना जुन समुदाय देखभाल फंडबाट अनुदान प्राप्त थियो जसले आर्थिक सहायता प्रदान गरिरहेको छ स्कूल-नजाने-EM हरुलाई र मेनल्यान्डबाट नयाँ आउनेहरुलाई जो कम-आय भएको परिवारबाट आएका छन् जसले भाषा परीक्षाहरु दिरहेकाछन् र जसले कर्मचारी पुनर्प्रशिक्षण बोर्ड (ERB) को समर्पित भाषा पाठ्यक्रमहरुमा भाग लिरहेकोछन्, तिनीहरूलाई नियमित गरिदैछ।

- NCS स्कूल छोडनेहरुको लागि QF को अन्तर्गत मान्यता प्राप्त भोकेशनल चाईनीज़ पाठ्यक्रमहरुको विकास गर्ने ।

- स्कूलहरुलाई नयाँ शिक्षण रुपरेखा कार्यावंयन गर्नमा सुविधा प्रदान गर्नको लागि 2014/15 स्कूल वर्ष देखि अतिरिक्त आर्थिक सहायतामा उल्लेखनीयरुपमा बढोत्तरी, 2013/14 भन्दा प्रतिनिधित्वको रुपमा लगभग 200% वृद्धि। (2013/14 स्कूल वर्ष देखि, "नामांकित स्कूलहरु" भनाउदो मात्रै नभएर त्यो सबै स्कूलहरु जसले 10 अथवा त्यो भन्दा धेरै NCS विद्यार्थीहरुलाई भर्ना गर्छन् उनीहरुलाई NCS विद्यार्थीहरुलाई स्कूल-आधारित सहायता प्रदान गर्नको लागि अतिरिक्त आर्थिक सहायता प्रदान गरिनेछ।) यो उपायले लगभग 15 000 विद्यार्थीहरुलाई प्रत्यक्षरुपमा फायदा हुनेछ।

- 2014 को पहिलो त्रैमासिकमा चाईनीज़लाई दोस्रो भाषाको रुपमा सिकाउनुको लागि चाईनीज़ शिक्षकहरुको व्यवसायिक क्षमता बढाउनुको लागि व्यवसायिक संवर्धन अनुदान योजनाको थालनी गरिनेछ। यो अनुमान गरिएको छ कि कार्यान्वयनको पहिलो तीन वर्षको अवधिमा, लगभग 450 शिक्षकहरु यस योजनाबाट लाभान्वित हुनेछन्। यही समयमा, NCS विद्यार्थी भर्ना गर्ने लगभग 500 स्कूलहरुको 2 000 शिक्षकहरुलाई चाईनीज़लाई दोस्रो भाषाको रुपमा पढाउने अझ थप प्रशिक्षण पाठ्यक्रमहरु र अनुभव बाड्ने मौकाहरु प्रदान गरिनेछ ।

- NCS आमा बुवाहरुलाई उनीहरुको नानीहरुले प्री-प्राइमेरीबाट नै चाईनीज़ सिक्न शुरुवात गरोस् भनेर प्रोत्साहित गर्दछ । आनन्ददायक गतिविधिहरुको माध्यमबाट NCS 3-9 वर्षका विद्यार्थीहरूलाई चाइनीज़ सिक्न प्रोत्साहित गर्नुको लागि जिल्ला आधारित परियोजनाहरु/कार्यक्रमहरु छन् । NCS आमा बुवाहरुलाई पनि आफ्नो नानीहरु प्राइमेरी 1 मा भर्ना भएका, अथवा प्राइमेरी 2, 3 या 4 मा प्रगति गर्नेहरुसंग समर ब्रीजिंग कार्यक्रममा भाग लिनुको लागि स्वागत छ ।

"जब म पहिलो चोटि हङकङ आए र नजीकैको स्कूलको प्राइमेरी एकमा मध्यसत्रको बेला भर्ना भए, तब म मात्र उर्दू बोल्थे । भाग्यवश, मेरो चाईनीज़ शिक्षकले स्कूल पछि रेडियो सुनाएर र TV हेराएर मलाई चाईनीज़ शव्दावली सिक्नुमा धेरै सहायता गर्नुभयो, जसलाई मैले धेरै मनपराए । म धेरै खुशी छु कि मैले मेरो चाईनीज़ सहपाठीहरुलाई भेटाए । अहिले, म मेनस्ट्रीम कक्षाकोठामा पढ्दैछु र आउने वर्ष म सेकेन्डरी एकमा जानेछु ।" **ख़ान सकिब**



## रोजगार

EM हरूको लागि सार्वजनिक र निजी क्षेत्रहरूमा रोजगारका अवसरहरू वृद्धि गर्न

### सरकारी रोजगारहरू

- सरकारमा EM हरूलाई रोजगारका समान पहुंच सुनिश्चित गर्न उचित कदमहरू लिइनेछ । ती कदमहरूमा चाईनीज़ भाषाको समिक्षा र दक्षताको समायोजन गर्न र सम्बन्धीत सरकारी रोजगारहरू समायोजित आवश्यकता/स्वरूपहरूको आधारमा सन्तुष्टीपूर्वक कर्तव्य पालना गरिन दिइनेछ ।

- पुलिस कन्स्टेबल नियुक्तिको लागि दिइने जाँचमा उम्मेदारहरूले पुलिस संचालनको समयमा आइपर्ने स्थितिहरूको नक्कल गर्दा चिनियाँका साथसाथै अंग्रेजीमा लेख्नु पर्ने गराइएको छ । विदेशी/अल्पसंख्यक भाषाको सीप भएका उम्मेदारहरूलाई थप अङ्क दिइनेछ ।

- EM समुदायसँगको सम्पर्क बढाउन पुलिस सामुदायिक सम्पर्क सहायकको रूपमा EM हरूलाई संलग्न गराइएको छ। आज सम्ममा 14 पुलिस जिल्लाहरूमा 15 बटा पुलिस सामुदायिक सम्पर्क सहायकका दर्जाहरू छन्।

- सुधारक सेवा विभागका सहायक अधिकृत II को लागि नियुक्ति फरमाटमा चाईनीज़ लेख्ने जाँचको सट्टा सामुहिक अन्तर्वाता राखिएको छ ।

- अन्य अनुशासन सम्बन्धि सेवाहरू जस्तै गभर्मेन्ट फ्लायिङ सर्भिस र फायर सर्भिसिस डिपार्टमेन्टहरूले चाईनीज़ भाषाको दक्षताहरूको आवश्यकता वा नियुक्ति फर्माटहरूमा उपायहरू अपनाउदैन् ।

"पुलिस कामको बारेमा मैले शुरूमा युन लङ जुनियर पुलिस कलबाट थाहा पाए र पछि पुलिस सामुदायिक सम्पर्क सहायकको काम गर्न थाले। मलाई गैर-चाईनीज़ समुदायहरूसँग मेरो अनुभव बाड्न पाउँदा र सक्रिय भइ सामुदायिक काम गर्न पाउँदा खुशी लागेको छ ।" **मोहम्मद हेना रिवाज**





### निजी क्षेत्रमा रोजगारहरू

- सबै श्रम विभागहरू (LD) का रोजगार केन्द्रहरूमा विशेष काउन्टरहरू छन् जसले EM हरूलाई रोजगार सिफारिस सेवा प्रदान गर्दछ । EM हरूलाई स्थानीय रोजगारी बजारको स्थिति जान्न र रोजगार खोज्ने सीप विकास गर्न टेलर-मेड विवरण दिने कार्यक्रमहरू योजना गर्दछ । EM हरूले रोजगारी सल्लाहकारसँग भेट गरी सल्लाह र अनुकुलता अनुसार रोजगारी सेवाहरू पाउँन सक्नेछन् ।

- LD ले EM हरूका लागि सुहाउँदो कामको खाली ठाउँ देखाउने र EM हरूलाई रोजगार मेला आयोजना गरेर उनीहरूलाई रोजगार पाउन सहयोग गर्नेछन् ।

- ERB ले EM हरूको रोजगारीको आवश्यकतालाई पुरा गर्न उनीहरूलाई अंग्रेजीमा समर्पित प्रशिक्षण पाठ्यक्रमहरू प्रस्ताव गर्दछ । EM हरूलाई रोजगारीको बजारमा प्रवेश गर्न, ERB प्रशिक्षण निकायले पुर्ण-कालिन प्लेसमेन्ट-टाइड पाठ्यक्रम पुरा गरेकाहरूलाई प्लेसमेन्ट फलो-अप सेवाहरू उपलब्ध गराउँनेछ ।

- निर्माण उद्योग परिषदले (CIC) प्रचार गतिविधिहरु गरिरहेकाछन् र निर्माण उद्योगसंग मिलेर नवआगन्तुक EM हरुलाई आकर्षित गर्नुको लागि रोजगार मेलाको प्रबन्ध गरेकोछ, र सेवाकालीन EM निर्माण श्रमिकहरुलाई कौशल बढाउनुको लागि प्रशिक्षण पाठ्यक्रमहरुमा भाग लिनुको लागि आकर्षित गरिरहेकोछ।

"म गएको वर्ष CICले संयोजित गरेको मेटल स्काफोल्डिंगको लागि प्रशिक्षण पाठ्यक्रमबाट आकर्षित भएर शामिल भएको थिए। मैले वास्तवमा नै मेटल स्काफोल्डिंगको कौशलको बारेमा धेरै ज्ञान पाए। अहिले, म एउटा पंजीकृत अर्द्ध-कुशल कार्यकर्ता छु र नौकरीबाट मैले धेरै संतुष्टि पाएको छु।" **गाडो ज़्याज़**



## सामुदायिक आउटरिच




अल्पसंख्यक जातीयहरूलाई समुदायमा राम्ररी एकिकृत गराउनका लागि उनीहरूलाई दिइने सहयोग सुदृढ गर्न

- EM हरूलाई उनीहरूको आवश्यकता अनुसारको कक्षाहरू उपलब्ध गराउन, परामर्श र एकिकृत कार्यक्रमहरू उपलब्ध गराउन क्वाइ सिङमा नयाँ सहयोग केन्द्र बनाइनेछ। त्यसले गर्दा EM हरूका लागि जम्मा छ वटा सहयोग सेवा केन्द्रहरूका साथसाथै दुइ वटा उप-केन्द्रहरू हुनेछन्।

- सबै सहयोग सेवा केन्द्रहरूका साथसाथै उप-केन्द्रहरूमा युवा इकाई खोलेर समर्पित कार्यक्रमहरू जस्तै EM युवाहरूको व्यक्तित्व विकासमा सहयोग गर्ने खालका खेलकुद र संस्कृति क्रियाकलापहरू उपलब्ध गराइनेछ।

- युवा राजदूत योजना लागु गरेर EM हरूका संस्कृति र भाषाहरूसँग परिचित र समान पृष्ठभूमि भएका करीब छ जना पुर्ण-कालिन र 30 जान अल्प-कालिन राजदूतहरू नियुक्त गरेर अल्पसंख्यक जातीयहरू कहाँ गएर उनीहरूसँग आफ्ना अनुभव बाड्ने, सल्लाह दिने र आवश्यक्ता अनुसार सिफारिस गरिनेछ।

- गृह मामिला विभागले यी पहलहरूलाई लागु गर्न EM का संस्कृति र भाषाहरूसँग परिचित भएका पाँच अतिरिक्त कर्मचारीहरू नियुक्त गरी मानवशक्ति सहयोगलाई सुदृढ गर्नेछ।

- जुनियर पुलिस कल (JPC), जसमा अहिले नै 1 900 EM सदस्यहरू छन्, त्यसले EM युवाहरूलाई सहभागी हुन र JPC को क्रियाकलापहरू र प्रशिक्षणद्वारा उनीहरूको नेतृत्व सीपहरू विकास गर्न र सकारात्मक मुल्यमान्यताहरू सिकाउने क्रमलाई जारी राख्नेछ। आउँदो पाँच वर्षमा EM सदस्यहरूको संख्या बढाएर 2 500 बनाउने लक्ष्य रहेको छ।

"केही वर्ष अघि म शुरूमा हङकङ आउँदा केन्टोनिज मेरो लागि ठूलो चुनौती थियो। TV कार्यक्रमबाट मलाई EMको लागि सहयोग केन्द्रको बारेमा थाहा भयो। मैले त्यहाँ केन्टोनिज कक्षा र कम्पुटर कक्षाहरू लिए। यो सेवाले मलाई मेरो दैनिक जीवनमा धेरै सहयोग गरेको छ र अहिले म स्थानीय चिनियाँहरूसँग सामान्य केन्टोनिजमा कुराकानी गर्न सक्छु।"
**राजु शामदासानी**



## स्वास्थ्य

भाषाको अवरोधको कारणले EM हरू सार्वजनिक स्वास्थ्य सेवाबाट बन्चित हुन नपरोस् भन्ने कुरा सुनिश्चित गर्न।

- अस्पताल प्राधिकरण अन्तर्गतका सार्वजनिक अस्पतालहरू र क्लिनिकहरूमा अहिले EM हरूका लागि 17 वटा भाषाहरूका लागि अनुवाद सेवाहरू उपलब्ध छन्।



"जब अल्पसंख्यक जातीय समुदायका बिरामीहरू देखे, भाषा अवरोधको कारणले मलाई उनीहरूसँग कुरा गर्न कहिलेकाही गाह्रो हुन्थ्यो। मलाई खुशी लाग्यो कि फोनबाट वा मुखा-मुख गरेर जब दोभाषेको सेवाको व्यवस्था गरियो, कुराकानी गर्न धेरै सजिलो भयो। मैले उनीहरूको स्वास्थ्य स्थितिको बारेमा राम्ररी बुझे र उनीहरूले पनि उपचारको बारेमा राम्ररी बुझे।" **डा. पून**



## सार्वजनिक शिक्षा

पारस्पारिक समझदारी वृद्धि गर्न र भेदभाव-विरुद्ध प्रोत्साहन गर्न

- RTHK सँग मिलेर TV वृत्तचित्र श्रृंखला र स्कूलमा आउटरिच कार्यक्रमहरू निर्माण गरेर विभिन्न मुलका संस्कृति र रहनसहनको बारेमा सर्वसाधारणहरूलाई बुझाउन सहायता गर्नेछन्।

- समान अवसर आयोग (EOC) अन्तर्गत समर्पित EM कार्यदल बनाइ भेदभाव-विरुद्ध प्रोत्साहन गर्नेछन।

"डाइनामिक इन्टरनेशनल मिडिया ग्रुपको HR डाइरेक्टर भएको नाताले, विभिन्न मुलका पृष्ठभूमि भएका कर्मचारीहरू हुनुको फाइदा र मुल्यमान्यताहरूलाई म स्पष्ट पहिचान गर्छु। हामीले जातीय भेदभाव अध्यादेश जसले अल्पसंख्यक जातीयको विरुद्ध भेदभावलाई प्रतिवन्धित गर्छ त्यसको दृढतापूर्वक समर्थन गर्दछौं।" **मिल्ड्रिड अउ-योङ**



## आउँदा दिनहरूलाई हेर्दा...

सरकारले माथिका कार्यक्रमहरू लागु गर्न वार्षिक $200 मिलियन लगानी गर्नेछ। सबै मिलि प्रयास गरी, हामीले हाम्रो समुदायका EM सदस्यहरूको सम्भावनालाई उन्मुक्त गरेर हङकङलाई साझै नै समावेशी समाज बनाउने उदेश्य राख्दछौं।

कृपया थप जानकारीको लागि सम्बन्धित विभागहरूमा सम्पर्क गर्नुहोस्।

| | |
|---|---|
| शिक्षा: | 3540 7447 (शिक्षा ब्यूरो) |
| रोजगार: | 2810 2639 (नागरिक सेवा ब्यूरो) |
| | 2860 2860 (हङकङ प्रहरी बल) |
| | 2717 1771 (श्रम विभाग) |
| | 182 182 (कर्मचारी पुनप्रशिक्षण बोर्ड) |
| | 2100 9101 (निर्माण उद्योग परिषद) |
| सामुदायिक पहुँच: | 2835 1747 (गृह मामिला विभाग) |
| | 2860 6157 (हङकङ प्रहरी बल) |
| स्वास्थ्य: | 3509 8765 (खाद्य तथा स्वास्थ्य ब्यूरो) |
| सार्वजनिक शिक्षा: | 2810 2059 (संवैधानिक तथा मेनल्याण्ड मामिला ब्यूरो) |

**प्रशासन कार्यालय र सम्बन्धित विभागको लागि प्रमुख सचिव**
**जनवरी 2014**


Designed by the Information Services Department
Printed by the Government Logistics Department
Hong Kong Special Administrative Region Government
(Printed with environmentally friendly ink on recycled paper)

*Nepali Version*


**2014 नीति घोषणाको पहलूहरु**

# अल्पसंख्यक जातीयहरुलाई सहायता

